केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/सूचना/२६/०७६/७७ मिति: २०७७/०२/३२

## सूचना

**इजाजतपत्रप्राप्त सम्पूर्ण बैंक तथा वित्तीय संस्थाहरु**

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७७/०२/२८ को निर्णय अनुसार यस बैंकबाट इजाजतपत्रप्राप्त "क", "ख", "ग" र "घ" वर्गका बैंक तथा वित्तीय संस्थाहरुले मिति २०७७/०३/०१ गते देखि देहाय बमोजिमका व्यवस्थाहरु सहित सेवा सुचारु गर्न गराउन यो सूचना जारी गरिएको छ।

१. साविकको कार्यालय समय बमोजिमनै कार्यालय सञ्चालन गर्ने।
२. सेवाग्राहीको चाप मुल्यांकन गरी बढी भिडभाड हुने स्थानहरुमा आवश्यकता अनुसार Shift wise work को व्यवस्था गरी विहान ८ बजे देखि साँझ ६ बजे सम्म सेवा प्रदान गर्ने सुनिश्चितता गर्ने।
३. सेवाग्राहीको भिडभाड नहुने तथा दुरी कायम हुने गरी लामबद्ध हुने व्यवस्था मिलाई सेवा प्रवाह गर्ने।
४. बैंकिङ सेवा प्रवाहमा प्रत्यक्ष सम्पर्कमा रहने जनशक्ति तथा सेवाग्राहिको स्वास्थ्य सुरक्षा तथा संक्रमणको सम्भावनालाई न्यूनीकरण गर्न आवश्यक स्वास्थ्य सुरक्षाका न्यूनतम उपायहरु (Sanitizer, Mask, Disinfectant, Thermal Scanning, Hand Gloves आदि) अनिवार्य रुपमा अवलम्बन गर्ने।
५. विद्युतीय माध्यमबाट हुने कारोवारलाई थप प्रोत्साहित गर्ने।

(देव कुमार ढकाल)
कार्यकारी निर्देशक